# गौरादह राजपत्र


गौरादह नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ भाग १ संख्या २ मिति २०८२\०३\३२


गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
गौरादह, झापा ।

# गौरादह नगरपालिका करार कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको ऐन, २०८२

## प्रस्तावना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२-०१-०१ को राजपत्रमा प्रकाशित सुचना अनुसार स्थानीय तहका करार कर्मचारीहरु समेतलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरी व्यवस्थित गर्न यस गौरादह नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरूको जीवनलाई सुरक्षित, मर्यादित र गुणस्तरयुक्त तथा अवकाश पछिको जीवनलाई व्यवस्थित बनाउन आवश्यक भएकोले योगदानमा आधारित सामाजिक सुरक्षा कोषको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ ले दिएको अधिकार प्रयोग गरी गौरादह नगरपालिकाको १६ औं नगरसभाबाट यो ऐन जारी गरिएकोछ।

## १: संक्षिप्त नाम र प्रारम्भ

१.१. यो ऐनको नाम "गौरादह नगरपालिका करार कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको ऐन, २०८२" रहेको छ।

१.२. यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

१.३. लागू हुने क्षेत्रः यस नगरपालिकामा कानुन बमोजिम करार सेवामा नियुक्त भई कम्तीमा १ (एक) बर्षदेखि निम्न क्षेत्रमा निरन्तर रुपमा कार्यरत कर्मचारीहरुको हकमा मात्र लागू हुनेछ-

क. प्राविधिक कर्मचारी तथा ईन्जिनीयरिङ्ग सेवाका कर्मचारी, कम्प्युटर अपरेटर

ख. स्वास्थ्य सेवा अन्तर्गतका नर्स, सि.अ.हे.व., अ.हे.व., अ.न.मि.

ग. हलुका तथा हेवी सवारी चालक

घ. नगर प्रहरी र वारुणयन्त्र सञ्चालन अन्तरगतका कर्मचारी

ङ. सरसफाई कर्मचारी तथा कार्यालय सहयोगी

**२. परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

२.१. "नगरपालिका" भन्नाले गौरादह नगरपालिकालाई सम्झनुपर्छ।

२.२. "करार कर्मचारी" भन्नाले गौरादह नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरूलाई सम्झनुपर्छ।

२.३. "योगदानमा आधारित सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सामाजिक सुरक्षा ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ तथा गौरादह नगरपालिका करार कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको ऐन, २०८२ समेतलाई सम्झनु पर्नेछ।

२.४. "समिति" भन्नाले करार कर्मचारी अवकाश कोष व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ।

२.५. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा अन्तर्गत बनेको नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ।

## ३. योगदानमा आधारित सामाजिक सुरक्षा कोष सम्बन्धमा

३.१. यस नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरूको गुणस्तरयुक्त र सुरक्षित जीवनको लागि "करार कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोष" स्थापना गर्नेछ।

३.२. उक्त कोषमा संघीय सामाजिक सुरक्षा ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) बमोजिमको सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सुचीकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तीमा ६० प्रतिशतलाई आधारभूत तलब मानी त्यसको २० प्रतिशत रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नुपर्ने गरी  स्थापना गरिएको करार कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सम्बन्धित कर्मचारी र नगरपालिकाको तर्फबाट मासिक रुपमा योगदान गरिनेछ।

३.३. कोषको रकम सुरक्षित र लाभदायक क्षेत्रमा मात्र लगानी गरिनेछ।

## ४. कोषमा योगदान

४.१. नगरपालिकामा करारमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको तलबको कम्तीमा ६० प्रतिशतलाई आधारभूत तलब मानी त्यसको २० प्रतिशत नगरपालिकाबाट र ११ प्रतिशत योगदान कर्ता कर्मचारीको तर्फबाट जम्मा गर्नुपर्ने छ।

४.२. योगदान रकम प्रत्येक महिना सम्बन्धित कर्मचारीले पाउने मासिक तलबबाट नियमित रुपमा स्वतः कट्टी गरिनेछ।

## ५. योगदानमा आधारित सामाजिक सुरक्षा कोष व्यवस्थापन समिति

५.१. कोषको सञ्चालन र व्यवस्थापनका लागि "करार कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोष व्यवस्थापन समिति" गठन गरिनेछ।

५.२. समितिमा निम्न सदस्यहरू रहनेछन्ः-

| | |
|---|---|
| ५.२.१ नगर प्रमुख | —संरक्षक |
| ५.२.२ प्रमुख प्रशासकीय अधिकृत | —अध्यक्ष |
| ५.२.३ लेखा शाखा प्रमुख | —सदस्य |
| ५.२.४ करार कर्मचारी प्रतिनिधि | —सदस्य |
| ५.२.५ कानून अधिकृत | —सदस्य |
| ५.२.६ कर्मचारी प्रशासन शाखा प्रमुख | —सदस्य-सचिव |

५.३ प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक समितिको बैठक बस्नेछ। बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## ६. कोषको उपयोग र वितरण

६.१. कर्मचारीले अवकाश प्राप्त गरेपछि आफ्नो नाममा जम्मा गरिएको सम्पूर्ण रकम ब्याजसहित पाउनेछन्।

६.२. कर्मचारीको मृत्यु वा स्थायी अशक्तताका अवस्थामा कोषको रकम निजको नजिकको कानूनी हकदारलाई प्रदान गरिनेछ।

६.३. कोषको रकम सुरक्षित र लाभदायक क्षेत्रमा मात्र लगानी गरिनेछ।

६.४. कोषको लेखापरीक्षण प्रत्येक आर्थिक वर्षमा गरिनेछ।

## ७. कोषको लेखापरीक्षण

७.१. कोषको लेखापरीक्षण प्रत्येक आर्थिक वर्षमा महालेखापरीक्षकको कार्यालयबाट गरिनेछ।

७.२. लेखापरीक्षण प्रतिवेदन समिति र कार्यपालिकामा प्रस्तुत गरिनेछ।

७.३. लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित सुझावहरू कार्यान्वयन गरिनेछ।

## ८. विवाद समाधान

८.१. कोषसम्बन्धी कुनै विवाद उत्पन्न भएमा समितिले समाधान गर्नेछ।

८.२. समितिबाट समाधान हुन नसकेमा सम्बन्धित न्यायिक निकायमा मुद्दा दायर गर्न सकिनेछ।

## ९. संशोधन

९.१. यस ऐनमा कुनै संशोधन आवश्यक परेमा नगरपालिकाको कार्यपालिका बैठकको निर्णयबाट संशोधन प्रस्ताव गरी नगरसभामा पेश गरिनेछ र नगरसभाबाट अनुमोदन भएपछि संशोधन गरिनेछ।

९.२. ऐनमा उल्लिखित कुनै नियममा संशोधन गर्नुपर्ने भएमा संशोधन प्रस्ताव समितिबाट नगरकार्यपालिकामा प्रस्ताव वा सिफारिस गरिनेछ।

## १०. कार्यान्वयन

१०.१. यो ऐन नगरपालिकाको कार्यपालिकाद्वारा कार्यान्वयनमा ल्याइनेछ।

१०.२. ऐन कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यकतानुसार नियमावली, निर्देशिका र मार्गदर्शन वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

## ११. बचाउ तथा खारेजी

११.१. यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ।

आज्ञाले,
कृष्ण प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत